"Partnership for Urban Governance" DAO Regd. No. 2/054/55 NDA-2018

# नेपाल नगरपालिका संघ
# Municipal Association of Nepal (MuAN)

530 Pandol Marg, Lazimpat
PO Box : 14286, Kathmandu, Nepal
Tel : (977-1) 4425692, 4420559
Fax : (977-1) 4418671
Email : muan@ntc.net.np, info@muannepal.org.np

Ref. ०७७/७८-२९०

मिति : २०७८/०२/३१

**श्रीमान् प्रमुखज्यू**
**सम्पूर्ण महानगर, उपमहानगर एवं नगरपालिकाहरु**

**बिषयः- संघको भवन निर्माणका लागि आर्थिक सहयोग बारे ।**

नेपाल नगरपालिका संघ संपूर्ण महानगगर, उपमहानगर र नगरपालिकाहरुको एकमात्र प्रतिनिधिमूलक संस्थाको रुपमा बि.सं. २०५० सालमा स्थापना भै नगरपालिकाहरुका विविध मुद्दामा वकालती र पैरवी गर्दै जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिबृद्धि, श्रोत परिचालन लगायतका क्षेत्रमा योगदान दिदै आईरहेको व्यहोरा यहाँलाई अवगतै छ । चालु आ.व.मा नेपाल नगरपालिका संघले नगरपालिकाहरुको एकल अधिकार कार्यान्वयन गर्न अपरिहार्य हुने नमूना कानूनहरु निर्माण गरि पठाउनुका साथै बाभिएका ऐनहरुलाई शंशोधन वा खारेजी गर्न जोडदार पहल गरिरहेको छ । यसैगरी नगरपालिकाको श्रोत बृद्धिका लागि राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग तथा संङ्घीय एवं प्रदेश तहका अर्थमन्त्रालयहरुसँग पैरवी गरिएको छ । साथै कोरोना महामारी नियन्त्रणका लागि संघले स्वास्थ्य सामग्री तथा खोप खरिदका लागि नगरपालिकाहरुका अन्तराष्ट्रिय सञ्जाल, संघ संस्था लगायत नेपाल स्थित विदेशी नियोगहरुलाई पत्राचार गरिएको व्यहोरा जानकारी गराउन चाहन्छु ।

संघले अघिल्लो आ.व.मा सम्पूर्ण महानगर, उपमहानगर एवं नगरपालिकाहरुका प्रमुख/उप प्रमुखज्यूहरुको स्वास्थ्य संवेदनशिलतालाई मध्यनजर गर्दै रु.१ लाख बराबरको कोरोना विमा गरिएकोमा हालसम्म २२ जनाले बिमा बापतको रकम प्राप्त गरिसक्नु भएको छ भने संक्रमित मध्ये अन्यको भुक्तानी हुने क्रममा रहेको छ । यसै गरी आगामि आ.व.मा २९३ नगरपालिकाका प्रमुख र उप प्रमुखज्यूहरुको दुर्घटना बिमा गर्न लागिएको व्यहोरा समेत जानकारी गराउन चाहन्छु ।

नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधि एवं कर्मचारीहरुकोलागि अनवरत क्रियाशील यस नेपाल नगरपालिका संघको आफ्नै प्रशासनिक भवन नहुँदा स्थापनाकाल देखिनै भाडामा कार्यालय सञ्चालन हुँदै आएको छ । संघको संस्थागत बिकास गर्ने सन्दर्भमा केही बर्ष अघि संघले मध्यपुर थिमि नगरपालिकाको जग्गा एकिकरण योजना अन्तर्गत कमेरेटारमा भवन निर्माणको लागि १ रोपनी जग्गा खरीद गरिएको र भवन नक्सा अनुमानित रु १० करोड लागतको इस्टिमेट तयारी भई सकेको भएपनि आर्थिक अभावका कारण हाल सम्म निर्माण कार्य शुरु हुन सकेको छैन । तसर्थ संघको गत मंसिर २३ गते सम्पन्न सातौं राष्ट्रिय अधिवेशनले संघको भवन निर्माणको लागि राजधानी शहर काठामाडौं महानगरपालिकाबाट रु. ५०,०००,०००। (पाँच करोड रुपैयाँ) आर्थिक सहयोग माग गर्ने र बाँकी रकम अन्य महानगर, उपमहानगर एवं नगरपालिकाहरुसँग माग गर्ने निर्णय भएबमोजिम आसन्न नगरसभाबाट यथाशक्य रकम विनियोजन गरि उपलब्ध गराई यस ऐतिहासिक कार्यमा महत्वपूर्ण योगदान दिनु हुन हार्दिक अनुरोध गर्दछु । साथै आगामि आ.व.मा यथाशक्य चाँडो शिलान्यास गरी भवन निर्माण कार्य शुरुवात गर्ने कार्य पारदर्शी रुपमा सम्पन्न गर्ने प्रतिबद्धता संघको सचिवालयको तर्फबाट विश्वास दिलाउन चाहन्छौं ।

..........................
अशोक कुमार ब्याञ्जु
अध्यक्ष